केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२३/०६६/६७ मिति : २०६६/०९/२२

**इजाजतपत्रप्राप्त/प्रस्तावित बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

बैंक/वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवं प्रकृयागत व्यवस्थाः २०६३ को बुँदा नं. ६.२ (संस्थापनाको लागि स्वीकृति दिने व्यवस्था) को विद्यमान व्यवस्था खारेज गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ अनुसार देहायको व्यवस्था कायम गरिएको छ ।

(क) बैंक तथा वित्तीय संस्था संस्थापना गर्ने प्रयोजनको लागि यस बैंक समक्ष पूर्व स्वीकृतिका लागि परेको निवेदन र निवेदनसाथ पेश गर्न तोकिएका आवश्यक कागजातहरुको जाँचबुझ पछि यस बैंकले स्वीकृति दिन उपयुक्त देखेमा कुनै शर्त तोकी वा नतोकी त्यसरी निवेदन पर्न आएको एकसय वीस दिन भित्र त्यस्तो संस्था संस्थापना गर्न स्वीकृति दिन सकिनेछ ।

(ख) संस्थापकहरुले खरिद गर्न कबुल गरेको कूल शेयर पूँजीको कम्तिमा ५ प्रतिशत रकम बैंक तथा वित्तीय संस्था संस्थापना गर्ने आवेदनपत्र रीत पुगे/नपुगेको परीक्षण गरी यस बैंकले खाता खोल्न आदेश दिएको ७ दिन भित्र जम्मा गर्नुपर्ने छ ।

(ग) सैद्धान्तिक सहमतिपत्र (Letter of Intent) प्राप्त गरेको मितिले ३० दिनभित्र संस्थापकहरुले खरीद गर्न कबुल गरेको शेयर पूँजीको ४५ प्रतिशतले हुने रकम नगदै वा बैंक जमानत जम्मा/पेश गर्नुपर्नेछ । बैंक जमानत पेश गर्दा यस बैंकलाई मान्य हुने बैंक तथा वित्तीय संस्थाको नेपाल राष्ट्र बैंकको नाममा जारी गरिएको बैंक जमानत स्वीकार गरिनेछ । तर, एक बर्ष भन्दा कम समयावधिको बैंक जमानत स्वीकार गरिने छैन ।

(घ) सैद्धान्तिक सहमति प्रदान भएको ९ महिना भित्रमा प्रचलित कानूनी एवं नीतिगत व्यवस्था बमोजिमका कार्यहरु सम्पन्न गरी एवं बैंक सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधारहरु तयार गरी वित्तीय कारोबार सञ्चालन गर्ने इजाजतपत्र लिईसक्नु पर्ने छ । सो अवधिमा वित्तीय कारोबार सञ्चालन गर्ने इजाजतपत्र नलिएको खण्डमा यस बैंकबाट प्रदान गरिएको सैद्धान्तिक सहमति स्वतः रद्द हुनेछ ।

(ङ) सैद्धान्तिक सहमति प्रदान भए पश्चात संस्थापक संख्या थप गर्न पाइने छैन । तर कुनै संस्थापकको मृत्यु भएको अवस्थामा निजको हकलाग्ने हकवालाहरुलाई निजले कबुल गरेको लगानी बराबरको शेयर नामसारी गर्न भने पाईने छ । साथै मृत्युभएका संस्थापकहरुको हकवालाले संस्थापक शेयर पूरै वा आंशिक खरिद नगरेको अवस्थामा विद्यमान संस्थापकहरुले मात्र उक्त शेयर खरिद गर्न सक्नेछन् ।

(च) सैद्धान्तिक सहमति प्रदान भए पश्चात कुनै पनि संस्थापकले लिन कबुल गरेको संस्थापक शेयर लिन नचाही संस्थापकबाट हट्न चाहेमा वा कबुल गरे बराबरको संस्थापक शेयरको अनुपात घटाउन चाहेमा निज संस्थापकहरुको लगानी रकम विद्यमान संस्थापकहरु बीच मात्र थपघट गर्न सकिने छ ।

(छ) प्रस्तावित बैंक/वित्तीय संस्था संस्थापनाको लागि यस बैंकबाट सैद्धान्तिक सहमति (Letter of Intent) प्राप्त भएपछि तत्कालीन प्रस्तावित संस्थापकको मृत्यु भएको अवस्थामा यस बैंकबाट स्वीकृति लिएर बाहेक अन्य कुनै पनि अवस्थामा संस्थापक शेयरधनी परिवर्तन गर्न पाइने छैन । संस्थापक शेयर धारण अनुपात परिवर्तन गर्नु परेमा विद्यमान संस्थापकहरु बीच मात्र गर्न पाइने र प्रस्तावित सन्चालकको हकमा निजहरुले शेयर धारण गर्न कबुल गरेको प्रतिशतमा कमी हुने गरी कुनै परिवर्तन गर्न पाइने छैन ।

भवदीय,

(वासुदेव अधिकारी)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
५. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
६. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
७. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।